# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ अंक २२२ काठमाडौं मंगलबार, २७ मंसिर २०७९ Prabhab National Daily Tuesday, December 13, 2022 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


# गिजोलियो अध्यादेश

राष्ट्रपति विद्यादेवी भण्डारीले अध्यादेश प्रमाणीकरण गरेर जारी गर्नेमा निश्चित छैन । यसअघि संघीय संसद्को दुवै सदनको बहुमतले स्वीकृत नागरिकता विधेयक प्रमाणीकरण गरेकी थिइनन् ।

■ जेबी योञ्जन

**काठमाडौं–** सत्ता स्वार्थलाई केन्द्रमा राखेर सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न ल्याएको 'मुलुकी फौजदारी कार्यविधि संहिता (पहिलो संशोधन) अध्यादेश, २०७९' राष्ट्रपति विद्यादेवी भण्डारीकहाँ पुगेको छ। कैद सजाय भुक्तान गरिरहेका थरुहट आन्दोलनका नेता रेशमलाल चौधरी र नेपाल कम्युनिस्ट पार्टीका नेता नेत्रविक्रम चन्द 'विप्लव'सहितलाई लागेको अभियोगबाट उन्मुक्ति दिँदै सत्ता गठबन्धनकै सरकार गठन गर्न सरकारले अध्यादेश ल्याएको हो ।

राष्ट्रपति विद्यादेवी भण्डारीले अध्यादेश प्रमाणीकरण गरेर जारी गर्छिन् कि गर्दिनन्, निश्चित छैन । यसअघि प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको मन्त्रिपरिषद्ले मात्रै होइन, प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट बहुमतले स्वीकृत नागरिकता विधेयक नै प्रमाणीकरण नगरी फिर्ता पठाएको नजिर पनि छ । सरकारले भने आवश्यकताका आधारमा अध्यादेश ल्याएको जनाएको छ ।

'अध्यादेश सरकारले नै ल्याउने हो । त्यही भएर आवश्यकताअनुसार ल्याइएको हो,' सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले सोमबार पत्रकारहरूसँग भने । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न अध्यादेश ल्याउने निर्णय गरेको थियो। सोहीअनुसार सरकारले अध्यादेश अघि बढाएको हो । जबकि, नयाँ संसद् गठन हुन लागेको छ । यस्तो अवस्थामा लोकतान्त्रिक सरकारले अध्यादेश ल्याएपछि विरोध र समर्थन दुवै खालका स्वर सुनिएको छ ।

रोचक त के छ भने प्रधानमन्त्री देउवाकै दल नेपाली कांग्रेसका नेताहरू पनि अध्यादेशको विपक्षमा उभिएका छन्। महामन्त्री गगनकुमार थापाले अध्यादेश असंवैधानिक भएको बताएका छन् । उनले सरकारले तत्काल फिर्ता गर्नुपर्ने बताए । सामाजिक सञ्जाल ट्विटरमा उनले लेखेका छन्, '...यो अध्यादेश कानुनी, राजनीतिक र नैतिक हिसाबले समेत गलत छ। यो असंवैधानिक र संसदीय मर्मको भावनाविपरीत छ। सरकारले तत्काल अध्यादेश फिर्ता लिनुपर्छ।'




शान्ति प्रक्रियाअनुसार आपराधिक दायित्वबाट कसलाई मुक्त गर्ने/नगर्नेबारे संविधानले बोलेको छ । यस्तो अवस्थामा अदालतले सजाय दिएको कैदीलाई छाडा छोड्छौं भन्दा कानुनसम्मत हुँदैन ।

■ **डा. विपीन अधिकारी**
संविधानविद्

—०००—

सरकारले गल्ती स्वीकार्नुपर्छ । थारुहरूसँग माफी माग्नुपर्छ । अहिले अध्यादेश ल्याएर एक प्रकारले सरकारले गल्ती स्वीकार्‍यो ।

■ **चन्द्रकिशोर**
राजनीतिक विश्लेषक

मंसिर ४ को चुनावबाट सरकार गठन गर्न कांग्रेस नेतृत्वको सत्तारूढ गठबन्धनलाई स्पष्ट जनादेश आएन । नआएपछि बहुमतीय सरकार गठन गर्न प्रधानमन्त्री देउवाले रेशम चौधरी संरक्षक रहेको दल नागरिक उन्मुक्ति पार्टीसँग सहकार्य गर्न मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ संशोधनका लागि अध्यादेश ल्याएको हो ।

रेशम ती व्यक्ति हुन्, जो ७ भदौ २०७२ सालमा कैलालीको टीकापुर घटनाको मुख्य योजनाकार भन्दै जिल्ला अदालत र उच्च अदालतबाट दोषी ठहरिएका छन्। रेशमले भने घटनामा आफ्नो संलग्नता नभएको दाबी गर्दै आएका छन् । बरु उनले सरकारले नै थरुहट आन्दोलनलाई दबाउन षड्यन्त्रपूर्वक ढंगले घटना घटाएको आरोप लगाउने गरेका छन् ।

उनी भने हाल जन्मकैदको सजाय भुक्तान गरिरहेका छन्। उनी मुलुक संघीय प्रणालीमा गएपछि २०७४ सालमा भएको प्रतिनिधिसभा चुनावमा कैलाली-१ बाट अत्यधिक मतले विजयी भएका थिए । तर, उनी फौजदारी कसूरमा मुछिएका कारण निलम्बनमा परे ।

उनै रेशमलाई उन्मुक्ति दिलाउने मुद्दालाई अघि बढाउन नागरिक उन्मुक्ति पार्टी श्रीमती रञ्जिता श्रेष्ठ चौधरीको नेतृत्वमा स्थापना भएको हो । सोही दलले ३० वैशाखमा भएको स्थानीय चुनाव मात्र होइन, ४ मंसिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा अपेक्षा गरेभन्दा धेरै सिट जित्यो । उक्त दलको प्रतिनिधिसभामा तीन सिट छ । स्वतन्त्र सांसद लालवीर चौधरी पनि नागरिक उन्मुक्ति समर्थित छन् । लालवीर रेशमकै बुबा हुन् ।

स्वतन्त्रसहित चार सांसदको सरकार निर्माणमा साथ पाउनकै लागि प्रधानमन्त्री देउवाले अध्यादेश ल्याएको हो । अध्यादेशलाई लिएर उनकै दल कांग्रेसका अर्का महामन्त्री विश्वप्रकाश शर्मा पनि सन्तुष्ट छैनन् । उनले शनिबार नै अध्यादेश ल्याउनुलाई गलत भनेका छन् । अध्यादेश ल्याइँदा कानुनी र राजनीतिक प्रश्न मात्र नभई प्रधानमन्त्री देउवामाथि अध्यादेश प्रकरणमा नैतिक प्रश्न पनि जोडिएको शर्माले टिप्पणी गरेका छन् ।

कांग्रेस नेताहरू डा. शेखर कोइराला, प्रदीप कोइरालालगायत पनि विरोधमै छन् । दोस्रो ठूलो दल नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टीलगायतले पनि अध्यादेशको विरोध गरेका छन् । तत्काल फिर्ता लिन सरकारसँग ती दलहरूको माग छ ।

यो अध्यादेश राष्ट्रपति भण्डारीबाट जारी भए सरकारको चाहनाअनुसार राजनीतिक घटनाहरूसँग सम्बन्धित फौजदारी अभियोग प्रमाणित भएकाहरूले सजाय छुट पाउने छन् ।

संविधानविद् डा. विपीन अधिकारीले अदालतले सजाय दिएको (**बाँकी पृष्ठ २ मा**)

## के हो टीकापुर घटना ?

■ संविधान जारी हुनुभन्दा अघि थहरूटको पक्षमा कैलालीको टीकापुरलगायत पश्चिम तराईका जिल्लाहरूमा आन्दोलन भएको थियो। उक्त आन्दोलनको विरुद्धमा अखण्ड सुदूरपश्चिम भन्दै अर्को आन्दोलन उठ्यो । अखण्ड सुदूरपश्चिम आन्दोलनको पक्षमा हालका प्रधानमन्त्री देउवादेखि तत्कालीन गृहमन्त्री भीम रावल, माओवादी नेता लेखराज भट्टलगायत थिए । दुई पक्षबीच आन्दोलनको क्रममा दिनहुँजसो झडप हुने गर्दथ्यो । सोही क्रममा ७ भदौ २०७२ मा भने नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) लक्ष्मण न्यौपाउनेसहित सात जनाको हत्या भएको थियो ।

सोही घटनामा रेशम मुछिएका हुन् । तर, ३० वैशाख र ४ मंसिरमा भने उनी समर्थित दल नागरिक उन्मुक्ति चुनावबाट जनअनुमोदित हुनुलाई राजनीतिकरूपमा जनताले रेशमसहितलाई निर्दोष करार गरेको अर्थमा कतिपयले बुझेका छन् ।

## अध्यादेशमा के छ ?

■ सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न 'मुलुकी फौजदारी कार्यविधि संहिता (पहिलो संशोधन) अध्यादेश, २०७९' जारी गर्न सिफारिस गरेको छ। मन्त्रिपरिषद्को आइतबारको बैठकले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम निर्णय गरी अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो। अध्यादेशमा संहिताको २०७४ को ११६ को उपदफा (८) पछि (९) थपिएको छ।

अध्यादेशको उक्त बुँदामा कुनै पनि राजनीतिक दल वा समूहले मुलुकको विद्यमान राजनीतिक प्रणालीसँग असहमत रही हिंसात्मक क्रियाकलाप सञ्चालन गरिरहेकामा त्यस्तो राजनीतिक दल वा समूह शान्तिपूर्ण राजनीतिको मूलधारमा आउन नेपालको संविधान र प्रचलित कानुनको अधीनमा रही शान्तिपूर्ण राजनीतिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिबद्धता जनाई सरकारसँग सहमति गरेको भए त्यो राजनीतिक दल वा समूहका नेता कार्यकताविरुद्ध नेपाल सरकार बादी भई चलाइएका मुद्दा फिर्ता लिने उल्लेख छ।

त्यस्ता मुद्दा फिर्ता लिन जुनसुकै अदालतमा विचाराधीन रहेको भए पनि बाधा नपर्ने थपिएको बुँदामा उल्लेख छ । सरकारले यसअघि नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, जनमत पार्टी र थरुहटसँग सहमति गरेको थियो ।

# जाजरकोट जीप दुर्घटनामा ११ को मृत्यु

■ प्रभाव संवाददाता

**काठमाडौं–** जाजरकोटमा सोमबार बोलेरो जीप दुर्घटना हुँदा ११ जनाको मृत्यु भएको छ । छेडागाड नगरपालिकामा जीप दुर्घटना भएको हो । उक्त दुर्घटनामा परी एकै वडाका सात जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा गाडीका चालक भगवतीमाइ गाउँपालिका-२ दैलेखका मानबहादुर रावत, सहचालक सोही पालिका वडा नं ३ का वीरेन्द्र केसी र सोही वडाका अर्का अम्मर खड्का रहेका छन् ।



त्यसैगरी जारजरकोट छेडागाड नगरपालिका वडा नं ५ का दीपक अधिकारी, सोही वडाकी नैनसरा अधिकारी, जैकुवरा बुढा, रामबहादुर बुढा, देवीसरा बुढा, अमर अधिकारी, निसा अधिकारी र सोही नगरको वडा नं ६ वीरबहादुर खत्रीको मृत्यु भएको नगरपालिकाका उपप्रमुख चन्द्रबहादुर थापाले जानकारी दिए ।

कर्णाली प्रदेश ०२-००१ च ०४२ ९ नम्बरको निजी जीप छेडागाड नगरपालिका वडा न ३ जेवाबाट सोही नगरको वडा नं ४ को लेवातर्फ जाँदै गर्दा दशेराको भिरबाट खसेको थियो । जीपमा सवार १२ जनामध्ये छेडागाड-५ का जैभान अधिकारी गम्भीर घाइते भएका छन् । घाइते जैभानको उपचारका लागि नेपालगञ्ज पठाइएको उपप्रमुख चन्द्रबहादुर थापालले जानकारी दिए ।

**सन्दर्भ : वैदेशिक रोजगार**

वैदेशिक रोजगारीको नाममा ठगी प्रकरण

# सूर्य कर्पोरेसनले फिर्ता गर्‍यो पीडितलाई १५ लाख

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले अनधिकृतरूपमा वैदेशिक रोजगारसम्बन्धी गतिविधि सञ्चालन गर्ने एजुकेसन कन्सल्टेन्सी सूर्य कर्पोरेसन प्रालिबाट पीडितहरूलाई १५ लाख रूपैयाँ फिर्ता गराएको छ। विभिन्न व्यक्तिलाई वैदेशिक रोजगारीका लागि जापान पठाइदिने भन्दै उक्त कन्सल्टेन्सीले विगत तीन वर्षदेखि पासपोर्ट र पैसा लिएको उजुरीका आधारमा विभागले छापा मारी पीडितहरूलाई रकम फिर्ता गराउन सफल भएको हो ।

पीडितहरूले विगत तीन वर्ष अगाडिदेखी रकम र पासपोर्ट बुझिलिई हालसम्म नपठाएकोले रकम र पासपोर्ट फिर्ता दिलाई कन्सल्टेन्सीमाथि कानुनी कारबाही हुनुपर्ने भन्दै उजुरी परेको विभागले जनाएको छ । सोही उजुरीको आधारमा विभागले कन्सल्टेन्सीमा मंसिर २३ गते छापा मारी ८३ वटा पासपोर्ट र वैदेशिक रोजगारीसँग सम्बन्धित कागजातसमेत बरामद गरेको थियो । सोही दिन उक्त कन्सल्टेन्सीका छ जना कर्मचारीलाई नियन्त्रणमा लिइएको थियो ।

महत्त्वपूर्ण कागजात, कर्मचारी र पासपोर्टसमेत नियन्त्रणमा लिएपछि सम्पर्कमा आएका कन्सल्टेन्सीका सञ्चालकले पीडितहरूलाई रकम फिर्ता गराएको विभागका निर्देशक तथा सूचना अधिकारी कृष्णप्रसाद भुसालले बताए । विभागबाट वैदेशिक रोजागारका लागि इजाजतपत्र नलिएको कन्सल्टेन्सीले किन र कुन प्रयोजनका लागि पासपोर्ट र रकम संकलन गरेको हो, त्यस सम्बन्धमा आवश्यक

वैदेशिक रोजगार विभागले सूर्य कर्पोरेसन प्रालि नामक कन्सल्टेनसीमा यही २३ मंसिरमा छापा मारी ८३ वटा पासपोर्ट र वैदेशिक रोजगार ीसँग सम्बन्धित कागजात बरामद गरेको थियो । सोही दिन उक्त कन्सल्टेन्सीका छ जना कर्मचारीलाई नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धान भइरहेको भुसालले जानकारी दिए । उजुरी दिएका पीडितहरूलाई रकम फिर्ता गराइए पनि अनधिकृतरूपमा संकलन गरिएका पासपोर्ट भने फिर्ता नभएको विभागले जनाएको छ ।

कन्सल्टेन्सीका सञ्चालक दाजुभाइ वासुदेव लामिछाने र शम्भु लामिछानेले विभिन्न कार्यक्रम र अवार्डका नाममा विदेश लैजाने गरेको बुझिएको छ । लामिछाने दाजुभाइले भिजिट, ट्रेनिङ, वर्किङलगायत भिसा मिलाइदिने भन्दै विभिन्न व्यक्तिहरूबाट पासपोर्टसहित १० लाख रूपैयाँभन्दा बढी रकम लिने गरेको उनीहरूसँग निकट रहेका एक व्यवसायीले बताए । कन्सल्टेन्सीले यही डिसेम्बर १३ देखि २१ सम्म अस्ट्रेलियामा साकुरा नाइट कार्यक्रम गर्ने तयारी गरेको थियो ।

यसरी वैदेशिक रोजगारीका नाममा ठगी गर्ने कन्सल्टेन्सीविरूद्ध वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ अनुसार कारबाही प्रक्रिया अगाडि बढाउन जनाउँदै अधिकतम पाँच लाख रूपैयाँ जरिवाना र सात वर्ष जेल सजाय हुनसक्ने विभागले उल्लेख गरेको छ । विभागले पछिल्लो समय केही एजुकेसन कन्सल्टेन्सी, ट्राभल एजेन्सी र बिचौलियाहरूले मोटो रकम लिएर बेरोजगार युवाहरूलाई आकर्षक आम्दानीको प्रलोभन देखाई वैदेशिक रोजगारीमा पठाउने भन्दै ठगी गर्ने गरेका उजुरीहरू पर्ने गरेको जनाएको छ। यद्यपि, विभागले सोमबार एक सूचना जारी गर्दै वैदेशिक रोजगारसम्बन्धी इजाजतपत्र प्राप्त नगरेका त्यस्ता संस्थाहरूसँग कुनै पनि प्रलोभनमा नफस्न र आर्थिक क्रियाकलापमा संलग्न नहुन सर्वसाधारणलाई आग्रह गरेको छ ।

## साउदीमा थप ३९ जनालाई 'बहिर्गमन भिसा'

काठमाडौं (प्रस)- रोजगारीका लागि साउदी अरेबिया पुगेर अनधिकृतरूपमा बसिरहेका थप ३९ जना नेपालीले बहिर्गमन (एक्जिट) भिसा पाएका छन् । साउदी जवाजतको नयाँ नियमअनुसार हुरूब (कम्पनी छोडेर भागेका) लागेका ३९ जना नेपालीले उक्त भिसा पाएका हुन् ।

साउदी सरकारले लागू गरेको नयाँ कानुनअनुसार बहिर्गमन भिसा लागेका व्यक्तिहरूले बढीमा एक हप्ताभित्र साउदी छोडिसक्नुपर्ने रियादस्थित नेपाली दूतावासले जनाएको छ । ४ देखि ८ डिसेम्बर २०२२ को अवधिमा दमामबाट प्रोसेसिङ गर्ने जम्मा ३९ जनाले बहिर्गमन भिसा पाएको दूतावासले उल्लेख गरेको छ । हुरुब लागेका नेपालीहरूलाई एक साताभित्र साउदी छोड्न जानकारी दिँदै समयमै एक्जिट भिसाको म्याद हेर्न पनि दूतावासले अनुरोध गरेको छ । बहिर्गमन भिसा प्रोसेसिङ निःशुल्क हुने भन्दै यसबापत कुनै पनि शुल्क कतै बुझाउनु नपर्ने दूतावासले उल्लेख गरेको छ ।

इकामा (बस्ने अनुमति)को म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ दूतावासले गरिदिने जनाइएको छ। त्यसैगरी, कुनै केस वा जरिवाना छ भने त्यसको छिनोफानो नभएसम्म बहिर्गमन भिसा नलाग्ने र भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालयसँग मात्रै हुने दूतावासले जानकारी दिएको छ । तर, बहिर्गमन भिसा प्राप्त गरेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जनाएको छ ।




# स्वास्थ्यमा सर्वव्यापी पहुँच पुऱ्याउन मार्गचित्र तयार

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्यमा सर्वव्यापी पहुँच पुऱ्याउनका लागि मार्गचित्र तयार पारिरहेको छ । स्वास्थ्य सेवा विभागले 'स्वास्थ्यमा सर्वव्यापी पहुँच दिवस'का अवसरमा यहाँ आयोजना गरेको कार्यक्रममा मन्त्रालयकी सचिव देवकुमारी गुरागाइँले स्वास्थ्य क्षेत्रमा रहेको असमानतालाई हटाई सबै नागरिकमा स्वास्थ्य सेवा पुऱ्याउनका लागि मार्गचित्र तयार पारिरहेको जानकारी दिएी हुन् ।

उनले स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउनका लागि गहन, सहज र पारदर्शीरूपले स्वास्थ्यका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताइन् । उनले स्वास्थ्य सेवा नपुगेका दूरदराज ठाउँका सर्वसाधारणलाई सेवाको पहुँच पुऱ्याउन सरकार लागिपरेको बताइन् ।

संविधानले व्यवस्था गरेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनेतर्फ सरकार केन्द्रित भएको सचिव गुरागाइँको भनाइ छ । कार्यक्रममा स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दीपेन्द्ररमण सिंहले सर्वसाधारणलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सरकारले पहल गरेको बताइन् । उनले संविधान, राष्ट्रिय स्वास्थ्य नीति २०७६, स्वास्थ्य क्षेत्र रणनीतिअनुसार नागरिकको आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने, आकस्मिक उपचार सेवा उपलब्ध हुने र गुणस्तरीय उपचार सेवा पाउने मौलिक हकलाई सुनिश्चित गर्न वार्षिक कार्यक्रम सञ्चालन गरेको बताइन् ।

उनले बहुपक्षीय सहकार्यमार्फत पनि आधारभूत स्वास्थ्य सेवा विस्तार गर्ने, स्वास्थ्य सेवा प्रदायकको कार्यसम्पादन प्रभावकारी बनाउने, स्वास्थ्य संस्थाको समयानुकूल क्षमता अभिवृद्धि गर्ने, विशेषज्ञ एवं विशिष्टीकृत सेवा विकास तथा विस्तार गर्ने, नागरिकको आवश्यकता र क्षमतालाई आधार मानी स्वास्थ्य बिमा कार्यक्रम परिमार्जन गर्ने बताइन् । स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक डा. दामोदर बसौलाले सबैलाई स्वास्थ्य सेवाको पहुँच पुऱ्याउनका लागि स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकार ीरूपमा सञ्चालन गरिने बताइन् ।

उनले अझै पनि स्वास्थ्य बिमा कार्यक्रमभन्दा बाहिर रहेका सर्वसाधारणलाई बिमा कार्यक्रममा समेटी स्वास्थ्य सेवालाई निःशुल्क बनाइने बताइन् । उनका अनुसार अहिले ६१ लाख ७८ हजार १४० जना स्वास्थ्य बिमामा आबद्ध छन् । *रासस*

# ठमेलभित्रको अव्यवस्थित तार हटाउन सुरु

**काठमाडौं (प्रस)–** राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेलभित्रको अवस्थित इन्टरनेटका तार काट्न सुरु गरिएको छ । ठमेल पर्यटन विकास परिषद्ले ठमेललाई सफा र व्यवस्थित बनाउन जथाभावी छरिएर रहेका इन्टरनेटका तार काट्न सुरु गरेको हो ।

परिषद्का उपाध्यक्ष सहदेव धमलाले ठमेलभित्र यत्रतत्र छरिएर रहेका तारका कारण ठमेलभित्रको सौन्दर्यमा असर परेकाले तार काट्न सुरु गरिएको जानकारी दिए । 'चार दिनदेखि विभिन्न इन्टरनेट प्रदायक कम्पनीसँगको सहकार्यमा ठमेलभित्रको विद्युतका खम्बामा लत्रिएका र आवश्यकताभन्दा बढी रहेका तार काट्न सुरु गरेका हौं,' उनले भने ।

ठमेल पर्यटन विकास परिषद्को बैठक बसेर तार काट्ने तथा व्यवस्थापन गर्ने काम सुरु गरिएको उनको भनाइ छ । परिषद्ले सात घुम्ती हुँदै सोह्रखुट्टे, क्वाःबहाल हुँदै ज्याठा, नरसिंह चोक हुँदै भगवती मार्गलगायतका क्षेत्रमा तार व्यवस्थापन कार्य सुरु गरेको परिषद्का अध्यक्ष भविश्वर शर्माले जानकारी दिए । नेपाल भ्रमणका लागि आउने ८० प्रतिशत व्यक्ति ठमेल घुम्न आउने गरेका छन् । ठमेल काठमाडौं महानगरपालिकाको वडा नं १६, १७, २६ र २९ वडाभित्र पर्दछ । ठमेल पर्यटन परिषद्भित्र दुई हजार २०० व्यवसायी तथा घरधनी आबद्ध छन् ।

## गिजोलियो...

पृष्ठ १ बाट जारी

कैदीलाई छाडा छोड्छौं भन्ने मान्यतालाई टेकेर सरकारले ल्याएको अध्यादेश कानुनसम्मत् नहुने बताए । यदि राष्ट्रपतिबाट अध्यादेश जारी भए पनि अदालतले बदर गर्न सक्ने उनको भनाइ छ ।

'अध्यादेश ल्याउने बेला अहिले होइन । दुई हप्तापछि संसद् बोलाउनुपर्छ । नीतिगत समस्या भए सम्बोधन गर्न छलफल गरेर संसद्बाट अध्यादेश ल्याउने हो,' उनले प्रभावसँग भने, 'तर, शान्ति प्रक्रियाअनुसार आपराधिक दायित्वबाट कसलाई मुक्त गर्ने/नगर्नेबारे संविधानले बोलेको छ । अदालतले सजाय दिएको कैदीलाई छाडा छोड्छौं भन्दा कानुनसम्मत हुँदैन । अदालतले उल्टचाउँछ ।'

फौजदारी अभियोगमा कैद भुक्तान गरिरहेका रेशमसहितलाई उन्मुक्ति दिन अध्यादेश सरकारले ल्याएपछि राष्ट्रिय मानवअधिकार आयोगले चासो लिएको छ । आयोगले त्यसबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कायार्लयसँग यथार्थ विवरण माग गरेको छ । 'आयोगले यस सम्बन्धमा यथार्थ विवरण माग गर्दै आज (सोमबार) नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको छ,' आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ । कैद भुक्तान गरिरहेका रेशमसहितलाई उन्मुक्ति दिए मानवअधिकार उल्लंघन हुने आशयका आधारमा अध्यादेशबारे चासो राखेको हो ।

पूर्वमहान्यायाधिवक्तासमेत रहेका वरिष्ठ अधिवक्ता बाबुराम कुँवरले पनि अध्यादेश ल्याउने सरकारको कदम ठीक नभएको बताए । लोकतान्त्रिक सरकारले कुनै व्यक्ति विशेषलाई उन्मुक्ति दिन अध्यादेश ल्याउनु सुहाउने कुरा नभएको उनले बताए ।

'कानुन जनकल्याणको हितमा बनाइनुपर्छ तर त्यस्तो नभईकन कुनै व्यक्तिलाई उन्मुक्ति दिने हिसाबले अध्यादेशै ल्याउनुपर्ने कुरा लोकतान्त्रिक सरकारलाई सुहाउने कुरा होइन,' वरिष्ठ अधिवक्ता कुँवरको भनाइ छ ।

तर, मधेससँगै थारु आन्दोलनलाई नजिकबाट हेर्दै आएका राजनीतिक विश्लेषक चन्द्रकिशोर भने अध्यादेश ल्याउनु स्वागतयोग्य कदम भएको बताउँछन् । थारुहरूमाथि अत्यधिक दमन टीकापुर घटनाको भोलिपल्ट (८ भदौ २०७२) पछि भएको भन्दै राज्यले गल्ती स्वीकारेको रूपमा उनले अध्यादेशलाई लिएका छन् । उनले राज्यले थारुहरूसँग माफी माग्नुपर्नेसमेत बताए ।

'थरुहट आन्दोलनलाई सरकारी पक्षले हिंसात्मक बनाएको हो । त्यसपछि राज्य पक्षले नै अधिक दमन थारुहरूमाथि गऱ्यो ? त्यो भनिसाध्य छैन,' उनले भने, 'सरकारले गल्ती स्वीकार्नुपर्छ । थारुहरूसँग माफी माग्नुपर्छ । र, अहिले अध्यादेश ल्याएर एक प्रकारले गल्ती स्वीकारेको छ ।'


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INFINITY BULK LOGISTICS SDN. BHD

पूर्व स्वीकृति मिति २०७९/०४/२३ पूर्व स्वीकृति मिति २०७९/०८/२६ LT. No. 268991 चलानी नं.६०१८४९११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 50 | 0 | 1500 | ४४८०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: पुस ५ गते (20th Dec. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**

श्रम इजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CEMERLANG PROTECTION SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/२६ LT. No. :277510 चलानी नं. ६०१९३२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 18 | 0 | 1500 | ४४,८०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पुस ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**APPOLO OVERSEAS SERVICES (P) LTD.**

G.P.O. Box: 25038, Samakhushi, Townplanning, KTM
Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com
Govt. License 586/062/063
www.appolooverseas.com



## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL RAHMAN AL-OTAISHAN &SONS GROUP CO. LLC

पूर्व स्वीकृति मिति २०७९/०७/१४ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०८/२६ LT. No. 274433 चलानी नं. ६०१९०२५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman Worker | 1 | 0 | 2600 | ९१,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Insulation Technician | 1 | 0 | 1800 | ६३,३०५ | | | | | | | |
| 3 | Tile Setter | 5 | 0 | 1300 | ४५,७२० | | | | | | | |
| 4 | Truck Driver | 2 | 0 | 1800 | ६३,३०५ | | | | | | | |
| 5 | Workshop Worker | 20 | 0 | 1200 | ४२,२०० | | | | | | | |

कम्पनी : LIBERTY SUITES

पूर्व स्वीकृति मिति २०७९/०४/३१ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०८/२६ LT. No. 269597 चलानी नं. ६०१८५५३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEANING WORKER (Female) | 0 | 10 | 1000 | ३५,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LIBERTY SUITES

पूर्व स्वीकृति मिति २०७९/०५/२६ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०८/२६ LT. No. 271703 चलानी नं. ६०१८७४५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 10 | 0 | 1000 | ३५,१७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Guard | 5 | 0 | 1500 | ५२,७५५ | | | | | | | |
| 3 | Maint Technician | 3 | 0 | 1800 | ६३,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**

श्रम इजाजत नं.८३३/०६६/०६७

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251, 9801354109
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GENERAL DEVELOPMENT SERVICES LLC

पुर्व स्वीकृति मिति २०७९/०८/२६ LT. No. 277639 चलानी नं. ६०१९३२१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 16 | 120 | ४१,१८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner | 9 | 0 | 100 | ३४,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पुस ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DESTINY HR GROUP (P) LTD** (Wide Range H.R. Pvt. Ltd)

श्रम इजाजत नं. १५५२/०७९/०८०

Tinkune, Kathmandu, Nepal. Phone: 01-5913085, 01-5914085
Mobile: 9851164801, Email: destinyhrgrp2079@gmail.com



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०८/२७

यस कम्पनीको मिति २०७९/०६/०९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एडभान्स चितवन इमेजिङ्ग एण्ड डाईग्नोष्टिक सेन्टर प्रा.लि. (प्रा.लि. नं. ११२१७६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०८/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **आर.एण्ड.बि. एडभान्स ट्रेडर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VISI L.A SECURITY FORCE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/२६ LT. No. 277497 चलानी नं. ६०१९३१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**

श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SRRI EASWARI MILLS SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/२६ LT. No. 276559 चलानी नं. ६०१९३२१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 20 | 0 | 1500 | ४४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORX INTERNATIONAL CO. WLL

पूर्व स्वीकृति मिति २०७९/०८/२६ LT. No. 277628 चलानी नं. ६०१९३१८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stainless Steel Polisher | 10 | 0 | 120-140 | ५१,६४०-६०,२५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Welder (Sheet Metal) | 20 | 0 | 130-150 | ५५,९४५-६४,५५५ | | | | | | | |
| 3 | Fabricator (Sheet Metal) | 20 | 0 | 130-150 | ५५,९४५-६४,५५५ | | | | | | | |
| 4 | Spray Painter/powder Coating Personnel | 5 | 0 | 120-130 | ५१,६४०-६०,२५० | | | | | | | |

कम्पनी : Al Barakah Kuwait General Trading & Contracting Co ( CROWNE PLAZA /HOLIDAY INN HOTEL )

पूर्व स्वीकृति मिति २०७८/११/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/२६ LT. No. 258687 चलानी नं. ६०१७५११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis I | 5 | 5 | 140 | ६०,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis II | 5 | 10 | 120 | ५१,६४० | | | | | | | |
| 3 | Housekeping Attendan | 7 | 4 | 100 | ४३,११० | | | | | | | |
| 4 | Kitchen Steward. | 11 | 0 | 100 | ४३,११० | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 5 | 100 | ४३,११० | | | | | | | |
| 6 | Receptionist / Gsa | 5 | 5 | 200 | ८६,२२५ | | | | | | | |
| 7 | Waiter/waitress | 5 | 6 | 120 | ५१,६४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य, लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOD CIRCLE RESTAURANTS COMPLEX CO W.L.L.

पूर्व स्वीकृति मिति : २०७९/०५/०२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/२६ LT. No. 269918 चलानी नं.६०१८५६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Body Builder Trainer | 5 | 0 | 170 | ७०,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 4 | 4 | 130 | ५३,९७५ | | | | | | | |
| 3 | Chef Assistant / Preparer | 20 | 0 | 120 | ४९,८२५ | | | | | | | |
| 4 | Cleaner (Indoor) | 10 | 0 | 90 | ३७,३६५ | | | | | | | |
| 5 | Coffee Maker / Juice Maker | 2 | 2 | 130 | ५३,९७५ | | | | | | | |
| 6 | Cook | 6 | 0 | 150 | ६२,२८० | | | | | | | |
| 7 | Fitness Trainer | 5 | 0 | 170 | ७०,५८० | | | | | | | |
| 8 | Swimming Trainer | 5 | 0 | 170 | ७०,५८० | | | | | | | |
| 9 | Waiter/waitress | 4 | 4 | 130 | ५३,९७५ | | | | | | | |

कम्पनी : NAIL POLISH BEAUTY SALOON FOR LADIES

पूर्व स्वीकृति मिति : २०७९/०२/१२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/२६ LT. No. 263611 चलानी नं.६०१७९८११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 1 | 140 | ५६,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 0 | 1 | 140 | ५६,५५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विकास निर्देशनालय

उपोष्ण प्रदेशीय बागवानी विकास केन्द्र

त्रिशुली, नुवाकोट

## विद्युतिय बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित : २०७९।०८।२७)

यस केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कर्मचारी आवास भवन निर्माण कार्य गर्न ईच्छुक बोलपत्रदाताहरूबाट तोकिएको म्यादभित्र विद्युतिय बोलपत्र पेश गर्न आह्वान गरिन्छ । बोलपत्र सम्बन्धि विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp मा हेर्न, डाउनलोड गर्न र पेश गर्न सकिनेछ ।

| क्र.सं. | बोलपत्र नं. | विवरण | अनुमानित लागत रु. (मु. अ. कर बाहेक) | बोलपत्र दस्तुर रु. | बोलपत्र दस्तुर जम्मा गर्ने बैंक, खाता र राजश्व शिर्षक नं | धरौटी रकम तथा धरौटी खाता नं |
|---|---|---|---|---|---|---|
| १. | NCB/WORKS/NUW/UPBBK/079/80-01 | Construction of staff quarter | २५६७७३३.९९/- (पच्चिस लाख सतसठ्ठी हजार सात सय तेतिस रूपैयाँ उनानसय पैसा मात्र) | ३०००/- | ने.बै.लि., त्रिशुली कार्यालय कोड: ३१२०१२९०१३ खाता नं: २७२०२००००१००१००००१ राजश्व शीर्षक नं.: १४२२९ | रु ७५,०००/- ने.बै.लि., त्रिशुली Pradesh Le. Ni. Ka. Nuwakot–D खाता नं: ०२६०२०००००२००३००००१ |

# सुन्धाराको मूल धारा हटाइएपछि महानगरले रोक्यो काम

■ प्रभाव संवाददाता

**काठमाडौं–** धरहरा पुनर्निर्माणको क्रममा सुन्धारामा पानी पठाउने मूल धारा नष्ट हुनेगरी डोजर चलाइएकोप्रति काठमाडौं महानगरपालिकाले आपत्ति जनाएको छ । महानगरपालिकाका प्रमुख बालेन्द्र (बालेन) शाहले सोमबार पत्रकार सम्मेलन गरी निर्माण कार्य तत्काल रोक्न ठेकेदार कम्पनीलाई निर्देशन दिएका छन् ।

नेपालको मौलिक कला, संस्कृतिको नमूनाका रूपमा रहेको ऐतिहासिक सुन्धाराको संरचना पुनर्निर्माणका नाममा भत्काउन नहुने उनको भनाइ थियो ।

रमण कन्ट्रक्सन कम्पनीले सुन्धाराको ठीक पछाडि ठूलो खाडल बनाइ त्यहाँ एक लाख लिटर पानी अट्ने विशाल टयांकी निर्माण गर्ने क्रममा सो ऐतिहासिक संरचनाको मुख्य वस्तु (काठको लामो पाइप) नष्ट हुनगएको भन्दै आइतबार स्थानीय बासिन्दा तथा वडा नं. २२ का अध्यक्षलगायतले सक्रियतामा उक्त निर्माण कार्यको विरोध गरेका थिए । सोमबार आयोजित पत्रकार सम्मेलनमा सयौं वर्ष पुरानो उक्त ऐतिहासिक संरचना भत्काउने सम्बन्धमा महानगरलाई कुनै जानकारी नभएको र त्यहाँ भएका कार्य महानगरपालिकासँग कुनै छलफल नै नगरी अगाडि बढाइएको कुरा स्पष्ट पारिएको थियो ।

प्रमुख शाहले सुन्धाराको मुख्य धारा भएको ठाउँमा खन्ने विषयमा आफूसँग कुनै सरसल्लाह नभएको र त्यसबारे आफूले कुनै आदेश नदिएको बताए । सो अवसरमा प्रमुख साह, वडाध्यक्ष तथा स्थानीयवासीको टोली गएर सुनधारास्थित टयांकी निर्माण भइरहेको स्थलमा अवलोकन गरी सम्पूर्ण निर्माण कार्य तत्काललाई रोक्न निर्देशन दिइएको महानगरले जनाएको छ ।

रमण कन्ट्रक्सनका प्रोजेक्ट म्यानेजर सन्जय नकर्मीले आफूले सम्बन्धित निकायको आदेशअनुसार नै सो टयांकी निर्माणलगायतका कार्य अघि बढाएको जानकारी दिँदै हाललाई निर्माण कार्य रोक्न कामदारलाई निर्देशन दिइएको बताए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनी खारेजी सूचना

यस कार्यालयमा मिति २०७८/०३/२७ मा दर्ता भएको प्रा.लि.नं. २६४४४८ को **इनोभेटिभ आई.टी.सोलुसन प्रा.लि.**नामक कम्पनी यस कार्यालयको मिति २०७९/०८/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PH PALM EXPRESS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | LT. No.277390 | चलानी नं. ६०१९३१८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Purchase Rep | 40 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६३३/०६३/०६४

**ZIA INTERNATIONAL SERVICES PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-4116653/ 4116654
E-mail: ziaintls@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SYNERGY-PE-SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | LT. No. 277456 | चलानी नं. ६०१९३१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WIN KEN FURNITURE SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | LT. No. 277490 | चलानी नं. ६०१९३१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ROBINNA BAKERY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | LT. No. 277491 | चलानी नं. ६०१९३१८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 7 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RESTORAN TAO YUEN DIM SUM

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | LT. No. 277492 | चलानी नं. ६०१९३१८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 4 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : EE JI BAN RESTAURANT SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | LT. No. 277493 | चलानी नं. ६०१९३१९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Workers | 4 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465
श्रम ईजाजत नं. ६१३/०६२/०६३


# केराबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### प्रदेश नं.१, मोरङ

## केराबारी गाउँपालिकाद्वारा जनहितमा जानकारीमूलक सन्देश

● जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । ● बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । ● विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं । ● खानेपानीका मुहानहरु सदैव सफा राखौं । ● जथाभावी फोहोर नफालौं । ● शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ । ● चर्पीमा मात्र दिसापिसाव गरौं । ● सफासँग हात धोएर खाना खाने गरौं । ● झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । ● घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । ● सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । ● विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । ● जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । ● व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं । ● समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । ● यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । ● गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । ● राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं । ● कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । ● घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । ● गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । १६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MIDTOWN HOSPITALITY & CLEANING & FACILITY MANAGEMENT

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | LT. No.277655 | चलानी नं. ६०१९३२००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 0 | 5 | 1000 | ३६,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LULUH ABDULLAH MUHAMMAD AL ALLOUSH FAST FOOD BUFFET.

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | LT. No. 277645 | चलानी नं. ६०१९३१७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1400 | ४९,२३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Tool Cleaning Worker | 2 | 0 | 1000 | ३५,१७० | | | | | | | |

कम्पनी : ASTER FACTORY FOR INDUSTRY

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | LT. No. 277644 | चलानी नं. ६०१९३१७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Labour | 2 | 0 | 1000 | ३५,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal,Phone : +977 1 4592660
skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np



## फ्रि भिषा !! फ्रि टिकट !!
## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLASSITA (M) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/२५ | LT. No. 277441 | चलानी नं. ६०१९३१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 6 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sandiya Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९७/०७३/०७४
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KOTAK SELATAN SB

पूर्व स्वीकृति मिति २०७९/०७/२१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/२६ | LT. No. 274899 | चलानी नं.६०१९०६५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 8 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Richhood Overseas Inc. Pvt. Ltd.**
Govt. License 539/061/062
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: ISAM KABBANI AND PARTNERS CO.

पूर्व स्वीकृति मिति: २०७९/०५/०९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/२६ | LT. No.270260 | चलानी नं. ६०१८६११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Builder | 2 | 0 | 1400 | ४९,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Plumber | 45 | 0 | 1400 | ४९,२३५ | | | | | | | |
| 3 | Ordinary Worker | 19 | 0 | 1300 | ४५,७२० | | | | | | | |
| 4 | Painter | 5 | 0 | 1500 | ५२,७५५ | | | | | | | |
| 5 | Public Building | 8 | 0 | 1500 | ५२,७५५ | | | | | | | |
| 6 | Scaffolding Erector | 10 | 0 | 1600 | ५६,२७० | | | | | | | |
| 7 | Welding General | 9 | 0 | 1500 | ५२,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ५ गते (20th Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**
Lic No. 1159/074/074
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### संसद्बाटै संशोधन गर

चुनाव सकिएलगत्तै सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न अध्यादेश ल्याएको छ । संसद् नभएको मौका पारेर सरकारले अध्यादेश ल्याएको हो । यो अध्यादेश ल्याउनुको एउटै निहीत स्वार्थ छ– नयाँ सरकार गठन गर्न बहुमत पुऱ्याउनु ।

४ मंसिरको चुनावबाट जनताले प्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवाले नेतृत्व गरेको सत्ता गठबन्धनलाई नयाँ सरकार गठन गर्न बहुमत दिएनन् । परिणामतः सत्ता गठबन्धन दलहरूले मात्रै सरकार गठन हुने अवस्था छैन । नभएपछि प्रधानमन्त्री देउवा ७ भदौ २०७२ मा भएको टीकापुर घटनामा दुई तहको अदालतबाट दोषी ठहरिएर जन्मकैदको सजाय भुक्तान गरिरहेका रेशमलाल चौधरीलाई छुटाउन अध्यादेश ल्याउन तयार भएका हुन् ।

किनभने रेशम संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीको संघीय संसद्मा तीन सिट छ । यही दलको समर्थनमा रेशमकै बुबा लालवीर चौधरी स्वतन्त्र सांसद छन् । अध्यादेश जारी भए यी चारै सांसदले देउवा नेतृत्वको गठबन्धनलाई समर्थन गर्दा बहुमतीय सरकार गठन हुन्छ । यही स्वार्थमा प्रधानमन्त्री देउवाले अध्यादेश ल्याएका हुन् ।

अर्कोतिर संसद्मा छ सिट रहेको दल जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउतलाई पनि अध्यादेशले लाभ पुग्छ । उनीविरुद्ध पनि स्वतन्त्र मधेसको पक्षमा हिंसात्मक आन्दोलन गर्दाताक केही घटनामा फौजदारी मुद्दा छ । छ सिटवाला जनमतको समर्थन पाउँदा त झन् सत्ता गठबन्धनलाई स्पष्ट बहुमतसहित सत्ताको नेतृत्व गर्ने अवसर मिल्छ ।

तर, यो अध्यादेश पूरापूर सत्ता स्वार्थसँग जोडिएको देखिएको छ । यदि, सत्ता स्वार्थविना देउवाले रेशमसहित सिकेलगायतलाई उन्मुक्ति दिन चाहन्थे भने २९ असार २०७८ मा सरकार गठनपछि नै यो अध्यादेश ल्याउँथे, ल्याएनन् । अहिले भने सरकार गठन गर्न प्रतिकूल जनमतले देउवा अध्यादेश ल्याउन बाध्य भएका हुन् ।

फेरि, ४ मंसिरमा भएको चुनावमा रेशम संरक्षक रहेको दल नागरिक उन्मुक्ति पार्टीले समानुपातिकतर्फ दुई लाख ७१ हजार ७२२ मत पायो । धेरै मत कैलालीबाटै यो दलले पाएको हो । यसको राजनीतिक अर्थ टीकापुर घटनामा अदालतबाट दोषी ठहर भएका रेशमसहितका कैदीहरू निर्दोष छन् भन्ने जनताको दाबी रहेको राजनीतिक विश्लेषकहरूको टिप्पणी छ ।

हुन त सरकारले कुनै माग राखेर दलले गरेको आन्दोलनलाई त्यसको आन्दोलनको प्रवृत्ति र क्षतिलाई हेरेर राजनीतिक र अराजनीतिक करार गर्छ । रेशम आबद्ध थरुहट आन्दोलनलाई तत्कालीन सुशील कोइराला नेतृत्वको सरकारले अराजनीतिक ठहर गऱ्यो । त्यसपछि बनेका केपी शर्मा ओली, पुष्पकमल दाहालदेखि देउवा नेतृत्वका सरकारले त्यही रूपमा थरुहट आन्दोलनलाई बुझे । तर, अहिले भने सत्ता समीकरणको गणित असहज हुँदा राजनीतिक आन्दोलन थियो भन्न थालेका छन् । यसो भन्नुको पछि कुनै कानुनी संरचना खडा गरेर उन्मुक्ति दिन लागेको रूपमा बुझ्न सकिन्छ ।

उसो त थरुहट आन्दोलनको माग राजनीतिक थियो । माग राजनीतिक भएपछि आन्दोलनचाहिँ अराजनीतिक भन्ने हुँदैन । तर, दुर्भाग्य एक जना एसएसपीसहित सात जनाको ज्यान गयो । त्यही हिंसात्मक घटनालाई लिएर थहरुट आन्दोलन र आन्दोलनमा संलग्नहरूलाई गोलमालमा अराजनीतिक भन्न शोभनीय हुँदैन । यसकारण, थरुहट आन्दोलनलाई राजनीतिक नै भएको निचोड निकाल्दै अध्यादेशबाट नभई जनताका प्रतिनिधिहरूको सार्वभौम थलो संसद्बाटै मुलुकी फौजदारी कार्यविधि संहिताका आवश्यक प्रावधान संशोधन गरेर रेशमसहितलाई उन्मुक्ति दिनु उचित हुन्छ ।

# नयाँ पुस्ताको लक्ष्य



▶▶ अनिल नेपाली

*'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक'*

महाकवि लक्ष्मीप्रसाद देवकोटाको यो कविता अंशले आह्वान गरेजस्तो लक्ष्य आजका नयाँ पुस्ताको प्राथमिकतामा छ ? कि उनीहरू कुनै महान् लक्ष्यको अभावमा भोलिको खराब युगको सांकेतिक भ्रूणको प्रतिविम्ब बनिरहेका छन् ? सार्वजनिक संकल्प, लोक कल्याण, जीवनजगत, राष्ट्र, राष्ट्रियता र सबैभन्दा मानवताप्रति उनीहरूको भौतिक र मनोवैज्ञानिक प्रयास के छ ? एकथरिको मत छ, नयाँ पुस्तामा यी सबै अभिन्न पक्षबारे प्रगतिशील उद्देश्यभन्दा आफ्नो सुरक्षित भविष्यको कसरतमा पुँजीवादी संकीर्ण सोचबाट ग्रसित हुनेहरूको संख्या अनपेक्षितरूपमा बढिरहेको छ ।

स्वदेशमा रचनात्मक उद्यमको अभ्यास गर्दै श्रमबजारमा आफूलाई उपस्थिति गराउनुभन्दा या सम्बन्धित कार्यक्षेत्रको प्रत्यक्ष अनुभवबाट आफ्नो सक्षमतालाई परिस्कृत गर्दै सार्वजनिक परीक्षणको कसरत गर्नुभन्दा जसरी पनि विदेश पलायन हुने र जीवनको सबैभन्दा ऊर्जाशील समय उतै खर्चिने भौतिक र मनोवैज्ञानिक रुझानको विकास भएको छ । दिनहुँ पलायन हुने हजारौं भिडले यही प्रवृत्तिलाई उत्तेजित बनाइरहेको छ । जसको प्रभावले कृषि संस्कृतिलगायत रैथाने पौरखको सम्वर्द्धन, प्रवर्द्धन, आधुनिकीकरण तथा बजारीकरण गर्नुको साटो पलायन हुन युवाहरूलाई सामाजिक दबाब बढेको छ । आजभोलि स्वदेशी उद्यमता र स्वाभिमानको होइन वैदेशिक मुद्राको साखले समाजमा प्रभुत्व जमाएको छ । युवाहरूलाई स्वदेशमा नै आफ्नो दक्षता जसरी पनि प्रतिस्पर्धाको निम्ति योग्य बनाउने र व्यावसायिक वा सार्वजनिक प्रदर्शन गर्नुभन्दा पलायन हुन सजिलो राज्यलाई दोष दिएर बनाउने बहानाको संस्कृतिले सामाजिकरूपमा सबैभन्दा धेरै समकालीन र दीर्घकालीन क्षति पुऱ्याएको छ । समाजमा भौतिक र मनोवैज्ञानिक विचलनले सामाजिक प्रभुत्वलाई ग्रसित बनाएको छ ।

पहुँचमा रहँदा होस् या गलत कर्मबाट नै किन नहोस् जसरी पनि आर्थिक संकलन गर्ने र निजी भोगविलासको निम्ति जीवनको ऊर्जाशील समयको फराकिलो हिस्सा बिताउने उनीहरूको प्रवृत्ति सामाजिकरूपमा बोझिलो बन्दै छ । यसबाट के अनुमान लगाउन सकिन्छ भने संसारमा पुँजीवादी प्रभुत्वसँगै नयाँ पुस्ता व्यक्तिवादी र संकीर्ण भएको हो ? सामाजिक र मानवीय उत्तरदायित्वबाट विचलित भएको हो ? यदि हो भने नयाँ पुस्ताले बहन गर्नुपर्ने सार्वजनिक उद्देश्यप्रतिको आधारभूत दायित्वमाथि जिम्मेवार को हुन्छ ? कोही व्यक्तिवादी घेराबाट मुक्त नहुँदा आफ्नो निम्ति उसले सुखी र सुरक्षित भविष्यलाई सिफारिस गर्ने नैसर्गिक अधिकार राख्दछ । चार्ल्स एफ किटरिङले भनेजस्तो–'भविष्यमा आफ्नो सम्पूर्ण जीवन बिताउनुपर्ने भएकाले यसको चिन्ता हामीलाई लागिरहन्छ ।' तर, नयाँ पुस्ताको लक्ष्य जो कोहीको भन्दा भिन्न, असामान्य, गुणात्मक, बहुआयामिक र प्रगतिशीलताको संयोजन हुनुपर्छ । राष्ट्र र राष्ट्रियतालाई केन्द्रमा राखेर लोककल्याणकारी मान्यताको दस्तावेज हुनुपर्छ ।

पलायन हुनुको बाध्यात्मकबाहेक स्वदेशमा नै संघर्ष गरिरहेको वा अवसरको निम्ति विद्रोह गर्ने युवा पुस्ताको ठूलो हिस्साले राष्ट्रियता र लोककल्याणबारे सार्वजनिक लक्ष्य कस्तो राखेको छ ? देशको सुन्दर भविष्यबारे कस्तो सपना बुन्छ ? 'समृद्ध नेपाल, सुखी नेपाली'को नारालाई सार्थक बनाउन हरेक उपस्थितिमा कतिको तादरुकता देखाएको छ ? विकासको सवालमा सामूहिक विमर्शप्रति वैचारिक हस्तक्षेप गर्न सक्षम छ कि छैन । जनजीविका र सामाजिक एवं राष्ट्रिय मुद्दामा आफ्नो भौतिक र वैचारिक सहभागिताको निम्ति विद्रोह गर्ने सामार्थ्य राख्छ कि राख्दैन ? आजको युवा पुस्ता यी सबै सवालहरूमा आफ्नो सक्षमता प्रदर्शन गर्न हिजोकै अवस्थामा छैन । न त गन्तव्यमा नै पुगिसकेको छ । त्यसैले यो समयको निवेदनलाई स्वीकार्दै नयाँ पुस्ताको योग्यता, दक्षता, सक्षमता, क्रियाशीलतालाई देशको समृद्धि प्रयोजनको निम्ति राष्ट्रियरूपमा संस्थागत प्रक्षेपण हुनुपर्छ, र यो आवश्यक छ ।

नयाँ पुस्ताको हितमा अहिलेसम्म यस्तो रचनात्मक पहल भएको छैन । त्यसको सबैभन्दा मारमा नयाँ पुस्ता हुने गर्छन् । यो पुस्ताले कुनै महान् लक्ष्य नराखे इतिहासले श्राप गर्ने र राखे पनि वर्तमानले सहजै नस्वीकार्ने प्रतिकूल मौसम गरिब मुलुकमा सबैभन्दा आज छ । विज्ञान र प्रविधिको विकासले पृथ्वी झन् साँघुरिदै छ । ब्रह्माण्डमा मानव बस्तीको अर्को सम्भाव्यताबारे प्रयोगात्मक पहल भइरहेको २१ औं शताब्दीमा पनि विश्वका दुई तिहाइभन्दा बढी मुलुकहरू गरिबीको रेखामुनि छन् । स्रोत, साधन, सम्भावना नभएर होइन; चुस्त प्रशासन, अनुकूल राज्य प्रणाली, उर्वर सपना, सामूहिक संकल्पको अभावमा सिंगो युग गरिबीको दलदलमा डुबेको हो । यो दलदल अनायास तयार भएको होइन । देश विकासमा युवा जनशक्तिलाई सही तरिकाले प्रयोग गर्न नसक्दा बनेको राष्ट्रिय विकृति हो । औंलामा गन्न सकिने विकसित देशहरूको निम्ति साना राष्ट्रको गरिबीपन नाफाको सूचक बने पनि स्वदेशमा यसको दुर्गन्ध सामाजिक, साँस्कृतिक, आर्थिक, प्राविधिक, भौतिक, राजनीतिकलगायत सर्वांगीण विकासमा महामारीको प्रकोपजस्तै बनेको छ । यो महामारीको अन्त्यको निम्ति नयाँ पुस्ताले सामूहिक संकल्पसहितको दीर्घकालीन प्रगतिशील लक्ष्य लिनैपर्छ ।

विडम्बना समाजको सबैभन्दा पींधमा रहेको गरिब मनुवाले परिवर्तनको सुरु आफैंबाट गर्न कुनै महान् सपना बुनेर त्यसलाई फलाउन फुलाउन सार्वजनिक सहायताको आह्वान गऱ्यो भने उसको सपनामाथि वर्गीय हस्तक्षेप सुरु हुन्छ । ऊ भित्रको सक्षमता र सम्भावनामाथि सामूहिक पृष्ठपोषण होइन आक्षेप, र कटाक्षको सबैभन्दा सिकार हुन ऊ तयार हुनुपर्छ । गरिबीको रेखामुनि रहेका अविकसित मुलुकका नयाँ पुस्ताले सबैभन्दा पहिला यो चुनौतीको सामना गर्ने हिम्मत गर्नुपर्छ । तर, विश्व परिवेशको सत्यता यही हो कि बदलिंदो समयले निम्त्याएका अनेक आयामहरूको विविधताबाट अमूर्त हस्तक्षेपद्वारा नयाँ पुस्ता निर्माण भएका हुन्छन् । सामाजिक, साँस्कृतिक, आर्थिक एवं राजनीतिक परिवेशमा नयाँ पुस्ताले स्वीकार गर्ने दूरगामी उद्देश्यको भ्रूण पैदा हुन्छ ।

मानवीय मान्यताभन्दा पृथक डार्बिनको प्राकृतिक छनोटको सिद्धान्तअनुसार मानसिक फेरबदलको प्राकृतिक दाबीअनुरूप नै आधुनिकतातर्फ आकर्षित हुने मानसिक चरित्र नयाँ पुस्ताले देखाउँछन् । तर, चेतनाको पुरातन निर्देशनबाट सञ्चालित मानौं समाज या सत्ताले विडम्बना 'अराजक पुस्ता' भनेर जबर्जस्ती बुझ्ने गर्छ । नयाँ पुस्तालाई यस्तो शाब्दिक तुच्छताको दर्जाले हिजो छयाप्नु भनेको आफ्नो चेतनालाई सामन्तीकीकरणको पाउमा सुम्पनु हो । नयाँ पुस्ताको दक्षता, योग्यता, सम्भाव्यतालाई समृद्धिका निम्ति प्रयोगात्मक उपयोग गर्दै तिनको मनोविज्ञानलाई सम्बोधन गर्ने सामार्थ्य नराख्ने संसारमा कुनै पनि समाज वा देश आज पनि दुर्गतिबाट ग्रसित छन् । नयाँ पुस्ताका सबै असन्तुष्टि अराजक हुँदैनन् । सबै प्रश्नहरू दण्डनीय हुँदैनन् सबै विद्रोहमा अशान्ति हुँदैन । सबै आवाजमा प्रदूषण हुँदैन । सबै प्रवृत्तिहरू उश्रृंखल हुँदैनन् ।

दैनिक हजारौ संख्यामा विदेशिने युवाहरूको भिडले हजारौं रंगीन सपनाहरू कुल्चेबापतको आक्रोश यही संघर्ष गरिरहेका पुस्ताबाट बुलन्द हुनु नौलो कुरा होइन । हरेक स्वासमा नयाँपन, हरेक जमर्कोमा सम्भाव्यता, हरेक क्षेत्रमा सफलता खोजिरहने पुस्ता आफ्नो भौतिक वा मनोवैज्ञानिक उपस्थितिविना परिवर्तनका लागि स्थिति फेरबदलको कुनै सम्भाव्यता नदेखेपछि आफैंलाई परिवर्तन गर्न बाध्य भएका हुन् । आजको पुस्ता सार्वजनिक सवालका प्रश्नहरू उठान गर्ने, प्रशासनिक निकायको कार्यसम्पादनमा चासो राख्ने, सामाजिक प्रश्नहरूसँग साक्षात्कार गर्न रुचाउने, सबै परिवेशमा हरेक वर्गका मानिसहरूसँग घुलमिल गर्न रुचाउँछन् । धार्मिक, साँस्कृतिक आवरणमा संरक्षित पुरातन मान्यताको विरोध गर्ने । देश दुनियाँको गतिविधिबारे जानकारी राख्ने । विज्ञान प्रविधिको उपयोगमा अग्रपंतिमा रही विश्वबजारमा ज्ञान, सीपको आयात निर्यात तथा पौरखको विकेन्द्रीकरण गर्न बदलिंदो समयको पदचापलाई पछ्याउनसक्ने नयाँ पुस्ता जुनसुकै कारणले पनि ग्रसित हुनुहुँदैन । सबै कारणबाट प्रोत्साहित हुनुपर्छ ।



डेली स्टार

सामान्ती संस्कारबाट ग्रसित समाजमा प्रगतिशीलताको आधुनिक भाष्य निरीह हुन्छ । प्रगतिको जग र असफलताको मेरुदण्ड के हो ? जीवनका यी आधारभूत तत्त्वको समग्र अस्तित्व कुनै महान् लक्ष्यमा निर्भर हुन्छ । ग्रान्ट फ्रजियरले भनेजस्तो हामीसँग कुनै प्रगतिशील लक्ष्य नभए भ्रमपूर्ण बाधाले जीवन भरिएको हुन्छ । हाम्रो गरिबीपनको निरन्तरता, राष्ट्रिय प्रगतिको सुस्तता, सर्वांगीण वृद्धिको जडता यसैको उदाहरण हो । हिजोका दिनमा युवा पुस्ताले सत्तासँग प्रश्न नगर्ने, सामाजिक मुद्दाको उत्खनन् र आधारभूत अधिकारको खोजी नगर्ने, प्रशासनमा पारदर्शिताको खबरदार नगर्ने तथा अन्याय, अत्याचारका अनेक आयामहरूको विरुद्ध विद्रोह नगर्ने प्रवृत्तिले आजको हाम्रो वर्तमान खडा भएको छ ।

> आजका नयाँ पुस्तामा मानसिक फेरबदल आएको छ । नयाँ संविधानले नागरिकको मौलिक हकको स्वतन्त्रता सुनिश्चित गरेसँगै नयाँ पुस्ता व्यक्तिवादी सोचभन्दा सार्वजनिक लक्ष्यप्रति आकर्षित भएका छन् । बादलविना पानी बर्सिंदैन, समुद्रविना छाल आउँदैन भनेझैँ उद्देश्यविनाको गन्तव्य र कर्मविनाको प्रगति हुँदैन । त्यसको निम्ति नयाँ पुस्ताले भ्रष्टाचारमुक्त समाज, न्यायिक समानता, समृद्धि, निर्माण र रोजगार जस्ता ठोस उद्देश्य तय गरिसकेका छन् । प्रजातन्त्र स्थापनादेखि आजसम्म दलीय साझा एजेण्डा बनेका सामाजिक सवालहरु निःसर्त कार्यान्वयन गर्न समाज र राज्य दुवै जुट्नुपर्छ ।

तर, आजका नयाँ पुस्तामा मानसिक फेरबदल आएको छ । नयाँ संविधानले नागरिकको मौलिक हकको स्वतन्त्रता सुनिश्चित गरेसँगै नयाँ पुस्ता व्यक्तिवादी सोचभन्दा सार्वजनिक लक्ष्यप्रति आकर्षित भएका छन् । बादलविना पानी बर्सिंदैन, समुद्रविना छाल आउँदैन भनेझैँ उद्देश्यविनाको गन्तव्य र कर्मविनाको प्रगति हुँदैन । त्यसको निम्ति नयाँ पुस्ताले भ्रष्टाचार मुक्त समाज, न्यायिक समानता, समृद्धि, निर्माण र रोजगारजस्ता ठोस उद्देश्य तय गरिसकेका छन् । प्रजातन्त्र स्थापनादेखि आजसम्म दलीय साझा एजेण्डा बनेका सामाजिक सवालहरू निःसर्त कार्यान्वयन गर्न समाज र राज्य दुवै जुट्नुपर्छ । राष्ट्रियस्तरमा आधार भूत विमर्शका निम्ति सरकारी अग्रसरता हुनुपर्छ । परिवर्तनको सुरुआत आफैंबाट गरिसकेकाले युवा पुस्ता उद्देश्य प्राप्तिका निम्ति जता जाँदै छन् त्यहाँ पनि पुगिसकेका छैनन् र जहाँ थिए त्यहाँ पनि अब छैनन् ।

## मननयोग्य

### चाणक्य नीति

सबै बितेका कुरा बिर्सनुहोस् । मित्र ! आजको आवश्यकता बुझ्नुहोस् र हिँड्नुहोस् मेरा साथ' चाणक्यले भने ।

राक्षस केही सोच्दै भन्न लागे–'के चन्द्रगुप्तसँगको मतभेदले मलाई महामात्य बनाउँदै हुनुहुन्छ आचार्य !"

होइन मित्र ! मतभेद त एउटा ढोंग थियो । तपाईको जाली पत्र मलयकेतुलाई भ्रम पैदा गराउन नियोजित थियो किनभने पाँच राजालाई लयकेतु मित्र ठान्थे । वास्तवमा ती मित्र थिएनन् लोभी थिए, लोभी कसैको मित्र हुँदैन ।'

'मैले भारतवर्षलाई संगठित र सुदृढ बनाउने स्वप्न देखेको थिएँ । त्ये पूरा गर्न आजीवन समर्पण गरेँ । छिन्नभिन्न भारत वर्ष एकसुत्रमा बाँधियो ।'


अन्तमा धेरै सम्झाएपछि चाणक्य राक्षसलाई लिई पाटलीपुत्रतिर प्रस्थान गरे ।

एकादशीको दिन । पटनामा भव्य समारोहको आयोजना भयो । टाढाटाढाबाट राजा एवम् सम्भ्रान्त नागरिक निमन्त्रित भए । मुख्य रूपले कैकेय नरेश पुरु र मलयकेतु आमन्त्रित थिए । समारोह आरम्भ हुनुभन्दा पहिले राष्ट्रिय गान गाइयो । अनि मंगल गान, त्यसपछि चाणक्यले उपस्थित राजा-प्र जाहरूलाई सम्वोधन गर्दै भने–"अनिथि कैकेय नरेश तथा युवराज कुमार मलय एवम् मगधका हितैषी राजाहरू र मगधका सपूतहरू ! आज चाणक्य तपाईहरूसँग केही विशेष भन्न उपस्थित भएको छु ।"

"कुरा केही पहिलेको हो । भारत वषृ त्यसबेला साना राज्यमा बाँडिएको थियो, साना कुरामा हामी आफू-आफूमा लड्थ्यौं । राजा प्रजाका सेवक नभई भोग-विलासमा चुर्लुम्म डुब्थे । त्यसकै फाइदा उठाए सिकन्दरले । हाम्रो एकताको अभावका कारणले हामीलाई लुटे । हामीमाथि शासन गरे । त्यही समयमा यस ब्राह्मणले जस्तोसुकै दुःखकष्ट आओस् पार गर्दै भारत वर्षलाई संगठित र एकछत्र राज्य बनाउनेछु र त्यसमा भएका विकृति एवम् भोग-विलास र स्वार्थको छायाँ नाश गर्नेछु ।" भन्ने प्रतिज्ञा गरेको थियो ।

"कठोर तपस्यापछि आज भारत वर्ष एउटा अटल साम्राज्य भएको छ । भारत वर्ष सधैँ बलियो र संगठित रहोस्, यसका लागि तपाईहरू सबैले आफू-आफूमा पारस्परिक भेदभाव समाप्त गरी प्रगतिको बाटो अपनाउनुपर्छ ।" क्रमशः

# रेशम फिरिरि...






▶▶ वैकुण्ठ भण्डारी

विश्वमाझ नेपाली एउटा गीतको संगीत धेरैले मन पराउँछन्, त्यो हो रेशम फिरिरि... । चाहे त्यो संगीतमा जे सुकै होस् मन परेपछि पऱ्यो पऱ्यो । नेपालीलाई त आफ्नो भाका मन पर्छ नै तर त्यही गीत विदेशीहरूमाझ पनि अझै लोकप्रिय नै छ, र रहोस् पनि ।

मंसिर ४ गतेको निर्वाचनपश्चात् राजनीतिक दलका शीर्षस्थ नेताहरूलाई घण्टीको रालोले निकै नै छट्पटाहट बनाएको छ । त्यही छट्पटाहटले गर्दा सत्तालोलुपताका कारण अहिले सत्ताधारी विग्रेस पार्टीलाई पनि रेशम निकै मन परेको छ ।

विग्रेसको इतिहास नै पछिल्लो समय नामजस्तै काम हुन थालेको छ । त्यसमा मटचाङ्ग्रेहरूले सत्ताको स्वाद लिन पाएपछि किन छाड्थे र ! वाद, सिद्धान्त र विचार मारेर सत्ताको स्वाद लिन पल्केका मटचाङ्ग्राहरू आफ्नो स्वार्थ पूरा गर्नका लागि जे पनि गर्न सक्छन् भन्ने कुराको पुष्टि पुनः अध्यादेशले ल्याएको रेशम फिरिरिले गरिदिएको छ ।

सत्ताका लागि जोडघटाउमा लागेको वर्तमान 'कठपुतली' (जे मन लाग्यो त्यही गर्ने) सरकारले अहिले रेशमलाई निकै नै मन पराएको देखिन्छ । टीकापुर घटनाको मुख्य योजनाकारका रूपमा जेल रहेका रेशमलाई देउऽऽ वा सरकारले जेल निकाला गर्ने भएछन् । 'मटचाङ्ग्रे' अध्यादेशबाट रेशमलाई जेल निकाला गरी 'फिरिरि' गराउने अरे ।

हुन त नेपालाँ अहिले न्याय भनेकै ज्यानमारा, भ्रष्ट, विखण्डनकारीहरूले पाउनुपर्ने हो । विचराहरू कत्ति दुःख गरेर ज्यान मार्छन् भ्रष्टाचार गर्छन्, देश टुक्रयाउनुपर्दछ भन्ने त्यस्ता न्याय पाउन नै सकेका छैनन् । यस्ता होनहारले त न्याय नपाएको बेला जनता बबुरोले के पाउँछन्, र कसरी पाउँछन् त ? यही मौकामा विचरा रेशमलाई जेल निकाला गर्नु कुनचाहिँ पाप भयो र ? डडेलधुराबाट देउऽऽ वा भन्दा भन्दै अहिले त दिउँ ऽ वा भनेजस्तै भएछ । 'काले काले मिलेर खाउँ भाले' भन्दै बालकोटबाट उखान टुक्का आयो भने रिसाउँछन् व्वाँसाहरू । आफूमात्र खाउँ भन्छन् कि क्या हो ! छेपारे उखानजस्तो नागरिकलाई यो दिन्छु र त्यो दिन्छु भनेर ढाँटेको जस्तो कहाँ हुन्छ र ।

त्यसमाथि पनि जाबो पुलिसाँ एसपीलाई ढिस्याउँ गर्दिएको त हो ! नागरिक उन्मुक्तिका लागि पार्टीको उबेला ढिस्याउँ गर्दिएबापत जेल गाको मान्छेलाई बेला न कुबेला जेल निकाला गर्ने त महान् नेता हुन् ।

जेल निकाला त्यसै भइन्छ र ? जेल निकाला हुन त यस्तै एसस्पी, बालबालिका जोसुकै हुन् ढिस्याउँ गर्न सक्नुपर्दछ । जसले ढिस्याउँ गर्छ त्यसैले देश चलाउँछ । मटचाङ्ग्रे मुर्दार, खाली किचकण्डेजस्तो गर्छ । खुरुखुरु नियमानुसार आका गर्दिनु नि ।

हुन त देउऽऽ वाले पनि आका गर्दै रेशम फिरिरि गर्दिएका हुन् अध्यादेशमार्फत । रेशमको योगदानको कदर गर्दै बर्दिया र कैलालीका जनहरूले उनका अर्धांगिनीलाई मात्र होइन पिता महोदयलाई पनि मंसिर ४ मा पुष्प गुच्छासँग भारी मतले सेतो घरमा पुऱ्याइसकेका छन् । अव त दुई-चार दिनमा सेता घरमा पुग्ने छन् अनि त ढिस्याउँ गर्नेहरूसँगै कुम जोड्दै जनहरूलाई थर्काउने छन् ।

उ बेला जे भन्ने पापीले रेशम फिरिरि भन्दै सारंगी रेटेका थिए रे,

*'सेतासेता कपडामा कालाकाला मान्छे*
*जनताद्धारा जनताले जनतालाई भन्थे*
*कंगाल भए जनता नांगो पारेर*
*यो देशको काट्टो खानेहरूले'*

हुन पनि अहिले त्यस्तै देखिन्छ । जनताले साधारण गल्ती गरे जीन्दगी भरी जेल कोच्ने कानून र ज्यान मारेर जेल गएकाहरूलाई सत्ताको स्वार्थका लागि जेल निकाला गर्ने महान नीति निर्माण गर्ने हाम्रा देउऽ बा जस्ता महान् पर धानमन्त्री भएपछि मटचाङ्ग्राहरूले धेरै फूर्ति नलगाए हुन्छ ।

न्याय नपाए गोर्खा जानु भन्ने उक्तिले काम गर्दैन अब । पाप धुरीबाट कराउँछ पनि होइन अब । पाप संसद्मा छिर्छ, नीति निर्माण गर्छ र जनता बबुरलाई थिच्नुसम्म थिच्छ भन्ने मटचाङ्ग्रे सिद्धान्तमा छ । अनि त्यही मटचाङ्ग्रेवादबाट प्रेरित भएको छ । त्यसले त्यो पापीले गीत सारंगी रेटेजस्तै जनतालाई महँगी, अन्याय, अत्याचार, भ्रष्टाचारले रेटिरेटि रेशम फिरिरि गर्ने हो ।

'संवि ऽ धान, काँ ऽ नुन, ऐन, जनताहरूलाई मात्र छैन चैन ।' जसले सक्छ त्यसले हान्छ भन्थे उ बेला । अब त्यस्ता मटचाङ्ग्राका गुलेलीले पनि काम छैन । गोली बारुदले ढिस्याउँ ढिस्याउँ गरेर सत्तामा पुग्ने अनि शोकलाई शौखमा बदल्ने साम्यवाद पाएपछि कसका बाउका के जान्छ । बरु रेशम फिरिरि गरिन्छ ।

काम नभएको नुन मटचाङ्ग्रेको भाषामा काँ ऽ नुनले देश, जनता चल्ने हो । नेता चल्ने होइन । नेता भएपछि नेताअनुसार कानुन चल्ने हो, खै कुरा बुझ्या मटचाङ्ग्राले ! मिल्ने भए मध्यरातमा पनि सुर्जेलाई दक्षिणमा ल्याएर राखिदिन्थे । घडीको सुई पनि रोकिदिन्थे ।

त्यही भएर त निर्वाचन भएर नयाँ कथा कोर्ने कथाकारहरू सेता घरमा छिर्नुअघि नै अध्याऽ देश ल्याउन परेको छ नि विचरा देउऽ वालाई । उनका सारथीहरू ढेऽउवा खोज्दै छन् । ढिस्याउँ ढिस्याउँ गर्दै शोकलाई शौखमा बदल्नेहरूले साथ दिएका छन् । त्यसमा पनि अब त जाबो एसपीलाई ढिस्याउँ गर्दिएकै भरमा जेल बस्नु भनेको त ठूलो अन्याय पो हुन्छ त । त्यही अन्याय भो भनेर बा र स्वास्नीलाई समेत सत्तामा पर्दापण गराउनका लागि जेल निकाला गर्दै रेशम फिरिरि गाउँदै छन्, अहिले देउऽ वा र ढेउवाहरू !

# कालीगण्डकी पुलको कामले ६ वर्षपछि गति लियो



**बलेवा-** बागलुङको जैमिनी नगरपालिका-१ कुश्मीशेरा र पर्वतको फलेवास जोड्ने कालीगण्डकी नदीमा निर्माणाधीन पक्की पुलको कामले गति लिएको छ । दुई जिल्ला जोड्ने गरी निर्माण थालिएको पुलको कामले छ वर्षपछि गति लिएको हो ।

'लामो समयसम्म काम किन भएन भनेर चिन्ता लागेको थियो, तर अहिले काम सुरु भएपछि आशा पलाएको छ,' कुश्मीशेराका स्थानीय प्रेमप्रसाद शर्माले भने । यो पुलको निर्माण जैमिनी नगरपालिका-१ कुश्मीशेरा र पर्वतको फलेवास नगरपालिका-६ देवीस्थान जोड्ने गरी २०७३ साल असोज ९ गतेदेखि सुरु गरिएको थियो । प्राविधिक कारणले लामो समय काम रोकिएको पुलका संरचना बनाउने काम अहिले धमाधम भइरहेको सडक डिभिजन कार्यालय बागलुङका इञ्जिनियर किरण पौडेलले बताए ।

रसुवा/श्री गीता/फेवा जेभीले सडक डिभिजन कार्यालयसँग पुल निर्माणको सम्झौता गरेर छ वर्षअघि काम थालेका थिए । हाल ३५ प्रतिशत भौतिक प्रगति भएको छ । 'आगामी असार मसान्तसम्म म्याद थप भएको छ,' पौडेलले भने, 'थपिएको समयमा काम सकिनेमा आशावादी छौं ।'

बागलुङ र पर्वत दुवैतर्फ पुल जोडिने संरचना बनाउने काम सकिएको छ भने कालीगण्डकी नदीको बीचमा एउटा पिल्लर तयार भएको छ । पुलको पश्चिमतर्फको पिल्लर बनाउनका लागि कालीगण्डकी डाइभर्सनको काम भइरहेको छ । चौथोपटक म्याद थप भएपछि पुल निर्माणको काम धमाधम भइरहेको निर्माण कम्पनीका इञ्जिनियर अनिल श्रेष्ठले दाबी गरे ।

'पुल तोकिएको समयमै निर्माण सक्न चाहन्थ्यौं तर निर्माणस्थलसम्मको सडककै कारणले काम थाल्नै पाएनौं,' श्रेष्ठले भने, 'सडक साँघुरो हुँदा पूर्वाधार निर्माणका लागि आवश्यक मेसिन ल्याउन पाएनौं, करिडोर सेनाले फराकिलो बनाएपछि पुलको काम थालिएको हो ।'

नदीमा पुल निर्माण गर्दा पटक-पटक पानी तर्काउनुपर्ने र वर्षायाममा पानी तर्काउन सम्भव नहुने भएकाले पनि काममा ढिलाइ भएको श्रेष्ठले बताए । नदीभित्रबाट पिल्लर उठाउने काम सकिएपछि पिल्लरमा जोड्ने स्लेप हाल्ने काम सुरु गरिने उनले जानकारी दिए । आगामी बर्खाअघि नै नदीभित्र गर्नुपर्ने काम सकिने भएकाले त्यसबाहेकका काममा भने अब अवरोध नआउने उनको बुझाइ । १३ करोड १२ लाख ४९ हजार ३६४ रूपैयाँ लागतमा ३० महिनाभित्र पुल निर्माणको काम सक्नेगरी सम्झौता भएको थियो ।

बागलुङ-पोखरा राजमार्गको विकल्पको रूपमा पर्वतको फलेवास, कार्कीनेटा, स्याङ्जा हुँदै पोखरा जोड्ने वैकल्पिक सडकलाई बागलुङको दक्षिण क्षेत्रसम्म जोड्न यो पुल आवश्यक मानिएको छ । समयमा पुल नबन्दा दुई वर्ष अघिको भदौमा एक साता मध्यपहाडी लोकमार्ग पहिरोले अवरुद्ध हुँदा बागलुङवासीले वैकल्पिक मार्गको प्रयोग गर्न पाएका थिएनन् । कालीगण्डकी करिडोरमा जोडिने यो पुलले पर्वत, स्याङ्जा र पोखरालाई समेत करिडोरको पहुँचमा ल्याउने काम गर्ने स्थानीय हरि केसी बताउँछन् ।

